# सामुदायिक साइलेज प्लान्ट स्थापना तथा सुदृढीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि
# २०८२

स्वीकृत मितिः २०८२।०८।२६

**प्रस्तावनाः** उत्पादन बढी हुने समयमा घाँसको साइलेज उत्पादन गरी दुग्ध उत्पादक कृषकहरूलाई गुणस्तरीय आहारा आपूर्तिमार्फत स्वच्छ र स्वस्थ दुध उत्पादनमा वृद्धि गर्ने उद्देश्यले साइलेज प्लान्ट स्थापना र सुदृढीकरण गर्न वाञ्छनीय भएकोले प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. सङ्क्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम **"सामुदायिक साइलेज प्लान्ट स्थापना तथा सुदृढीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२"** रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमाः

(क) **"प्रस्तावक"** भन्नाले यस कार्यविधि र सार्वजनिक सूचना मुताबिक कार्यक्रममा सहभागी हुन प्रस्ताव पेस गर्ने कृषक समूह/कृषि सहकारी/निजी फार्म/उद्यमी/कम्पनी र स्थानीय तह समेत सम्झनुपर्छ।

(ख) **"कार्यक्रम"** भन्नाले प्रदेश सरकारको सामुदायिक साइलेज प्लान्ट स्थापना तथा सुदृढीकरण कार्यक्रम कार्यान्वयन र सञ्चालन सम्बन्धी स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम सम्झनुपर्छ।

(ग) **"प्रोत्साहन अनुदान रकम दुरुपयोग"** भन्नाले सरकारले प्रदान गरेको प्रोत्साहन अनुदान रकमबाट निर्मित कृषि पूर्वाधार संरचना, खरिद गरिएका यन्त्र उपकरण तथा उत्पादन सामग्रीलाई कार्यक्रमको मर्म, उद्देश्य र सम्झौतामा तोकिएका शर्त तथा प्रतिबद्धता विपरीत प्रयोग वा सञ्चालन गर्ने कार्यलाई जनाउँछ। साथै, दोहोरो अनुदान सुविधा लिने, सम्झौता बमोजिम तोकिएको न्यूनतम अवधिसम्म व्यवसाय निरन्तर सञ्चालन नगर्ने, वा पूर्ण वा आंशिक रूपमा व्यवसाय, संरचना तथा सामग्री बिक्री गर्ने जस्ता कार्यहरू समेत यस दुरुपयोग अन्तर्गत पर्न आउनेछन्।

(घ) **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनुपर्छ।

(ङ) **"बोर्ड"** भन्नाले प्रदेश दुग्ध विकास बोर्ड सम्झनुपर्छ।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

(च) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश सम्झनुपर्छ।

(छ) **“लाभग्राही”** भन्नाले बोर्डबाट सञ्चालन भएको कार्यक्रम अन्तर्गत सम्झौता गरी काम सम्पन्न गरेपछि भुक्तानी प्राप्त गर्ने साझेदारलाई सम्झनुपर्छ।

(ज) **"साझेदार"** भन्नाले बोर्डबाट सञ्चालन हुने कार्यक्रमको लागि छनोटमा परी सम्झौता गरेका प्रस्तावक सम्झनुपर्छ।

(झ) **“स्थानीय तह”** भन्नाले प्रदेशभित्र रहेका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकालाई सम्झनुपर्छ।

## परिच्छेद -२

## कार्यक्रम सञ्चालन प्रक्रिया

३. प्रस्ताव आह्वान: (१) बोर्डले स्वीकृत कार्यक्रममा सहभागी हुन इच्छुक प्रस्तावकलाई लक्षित गरी प्रस्ताव पेस गर्न ३० (तीस) दिनको म्याद राखी अनुसूची-१ बमोजिम राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा १ बमोजिमको माग अनुसार प्रस्ताव दर्ता हुन नआएमा बोर्डले न्यूनतम १५ (पन्ध्र) दिनको समयसीमा राखी १ (एक) पटकको लागि प्रस्ताव आह्वानको पुनः सूचना प्रकाशन गर्नुपर्नेछ।

४. प्रस्ताव दर्ता: कार्यक्रममा सहभागी हुन सम्बन्धित कार्यक्रमको मापदण्ड र शर्तहरु पुरा गरेका इच्छुक प्रस्तावकले दफा ३ मा उल्लिखित समय सीमाभित्र अनुसूची-६ बमोजिमको सङ्क्षिप्त व्यावसायिक योजना, अनुसूची-४ बमोजिमको प्रतिबद्धता पत्र, अनुसूची-५ बमोजिमको कार्यक्रम सञ्चालन हुने स्थानको नक्सा लगायतका अनुसूची-३ मा उल्लिखित कागजात सहित अनुसूची-२ बमोजिम सिलबन्दी प्रस्ताव बोर्डमा दर्ता गर्नुपर्नेछ।

५. प्रारम्भिक सूची तयार गर्ने: (१) बोर्डले दर्ता भएका प्रस्तावहरुको सूचनामा माग भएका संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु सबै समावेश भए नभएको र भर्नु पर्ने विवरणहरु सबै भरे नभरेको चेकलिष्ट अनुसार रुजु गरी प्रारम्भिक सूची तयार गर्नेछ। रीत नपुगेका प्रस्तावहरुलाई बोर्डले मूल्याङ्कन प्रक्रियामा समावेश गराउने छैन।

(२) तयार भएको प्रारम्भिक सूची र सम्पूर्ण कागजातहरु बोर्डले मूल्याङ्कन समितिलाई मूल्याङ्कनको लागि उपलब्ध गराउनेछ।

६. मुल्याङ्कन समिति: (१) प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतिका लागि बोर्डसमक्ष सिफारिस गर्न देहायबमोजिमको मूल्याङ्कन समिति रहनेछ।

निर्देशक वा निजले तोकेको वरिष्ठतम् अधिकृत, बोर्ड -संयोजक

अधिकृत प्रतिनिधि, पशुपन्छी विकास महाशाखा, मन्त्रालय -सदस्य



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

कानुन अधिकृत, मन्त्रालय -सदस्य

प्रमुख, आर्थिक प्रशासन शाखा, बोर्ड -सदस्य

प्रमुख, खरिद एकाइ, बोर्ड -सदस्य सचिव

(२) समितिले आवश्यक ठानेमा सम्बन्धित विषयगत क्षेत्रका बढीमा २ जना विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिले दर्ता भएका प्रस्तावहरुको सूचनामा माग भएका संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु सबै समावेश भए नभएको र भर्नु पर्ने विवरणहरु रीतपूर्वक भरे नभरेको यकिन गरी स्थलगत प्रमाणीकरणको लागि छनोट भएका प्रस्तावकको सूची बोर्ड समक्ष पेस गर्नेछ। रीत नपुगेका प्रस्तावहरुलाई समितिले मूल्याङ्कन प्रक्रियामा समावेश गराउने छैन।

७. <u>स्थलगत प्रमाणीकरण तथा मुल्याङ्कनः</u> (१) बोर्डले अनुसूची-७ को चेकलिष्टबमोजिम प्राप्त सूचीका प्रस्तावकहरुको स्थलगत प्रमाणीकरण गर्नेछ।

(२) आवश्यक ठानेमा मूल्याङ्कन समितिले समेत स्थलगत प्रमाणीकरण गर्न गराउन सक्नेछ।

(३) मूल्याङ्कन समितिले प्राप्त प्रस्ताव, संलग्न कागजात र स्थलगत प्रतिवेदनको आधारमा अनुसूची-८ बमोजिम मूल्याङ्कन गरी ५० (पचास) प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावकहरुको योग्यताक्रम सूची अनुसार छनोट गर्न बोर्डसमक्ष सिफारिस गर्नेछ।

८. <u>प्रस्ताव छनोटको जानकारी तथा स्वीकृतिः</u> (१) समितिले सिफारिस गरेको योग्यताक्रम सूचीका प्रस्तावहरु बारे चित्त नबुझेमा गुनासो पेस गर्न बोर्डले ७ (सात) दिनको समयसीमा राखी वेबसाइटमार्फत योग्यताक्रम सूचीसहितको आशयको सूचना प्रकाशन गर्नेछ।

(२) लिखित गुनासो पेस हुन आएमा उक्त गुनासो फछ्र्यौट गरेर मात्र अन्तिम योग्यताक्रम सूची प्रकाशन गर्नुपर्नेछ।

(३) बोर्डले अन्तिम योग्यताक्रम सूचीबाट योगतयताक्रमको आधारमा छनोट गरी प्रस्ताव स्वीकृत गर्नेछ।

(४) बोर्डले छनोट भएका प्रस्तावकहरुलाई छनोट भएको जानकारी दिन र अधिकतम १५ दिनभित्र सम्झौता गर्न वेबसाइट वा बोर्डको आधिकारिक सोसल मिडियामार्फत सूचना प्रकाशन गरी आह्वान गर्नेछ।

(५) छनोटमा परेको प्रस्तावकले माग गरेको कार्यक्रम/क्रियाकलापको आधारमा बोर्डले आवश्यक प्राविधिक मापदण्ड निर्धारण गरी स्वीकृत गर्नेछ।

(६) बोर्डले प्रस्तावकलाई मापदण्ड अनुसार लागत अनुमान तयार गर्न स्वीकृत प्राविधिक मापदण्ड उपलब्ध गराउनेछ।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

९. **कार्य योजना स्वीकृतिः** (१) सम्बन्धित कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलापहरुको स्वीकृत प्राविधिक मापदण्डको आधारमा प्रस्तावकले लागत अनुमान र कार्यान्वयन कार्ययोजना तयार गरी बोर्डसमक्ष पेस गर्नेछ।

(२) बोर्डले उपदफा (१) बमोजिम पेस भए अनुसार नै वा आवश्यक भए परिमार्जनसहित सम्झौतापूर्व नियमानुसार लागत अनुमान र कार्यान्वयन कार्ययोजना स्वीकृत गर्नेछ।

१०. **सम्झौताः** (१) छनोट भएको प्रस्तावकसँग बोर्डले अनुसूची-९ बमोजिम सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्नेछ।

(२) छनोट भएको प्रस्तावक समय सीमाभित्र सम्झौता गर्न नआएमा वैकल्पिक योग्यताक्रम सूचीका प्रस्तावकलाई बढीमा ७ (सात) दिनको समयसीमा तोकी सम्झौताको लागि योग्यताक्रम अनुसार क्रमशः पत्राचार गरिनेछ।

(३) प्रस्तावकले सम्झौता गर्नु अघि दोहोरो अनुदान सुविधा नलिएको अनुसूची-१० बमोजिमको स्वघोषणा पेस गर्नुपर्नेछ।

## परिच्छेद -३
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

११. **साझेदार रकमः** (१) बोर्डले साझेदारलाई देहाय अनुसारका क्रियाकलापहरु सञ्चालन गर्न प्रति साझेदार बढीमा ५० (पचास) लाख रुपैयाँसम्म प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछः-

(क) साइलेज प्लान्टमा आवश्यक संरचना (प्लान्ट भवन, गोदाम घर आदि) निर्माण/विस्तार/सुधार,

(ख) घाँस सङ्कलन, कटानी, साइलेज प्रेसर, बेलर, प्याकेजिङ तथा भण्डारणका लागि आवश्यक मेशिन, यन्त्र उपकरण खरिद र जडान,

(ग) बिजुली व्यवस्थापन,

(घ) अग्नि नियन्त्रण (Fire Safety), सुरक्षा व्यवस्थापन (सी.सी.टी.भी., अलार्म आदि) र उत्पादित साइलेज भण्डारण सुरक्षाको लागि आवश्यक व्यवस्थापन,

(ङ) धर्म काँटा, साइलेज बेलरमा बेर्न प्रयोग हुने प्लाष्टिक तथा अन्य सामग्री खरिद,

(च) साइलेज गुणस्तर परीक्षणमा प्रयोग हुने उपकरण खरिद।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

(२) बोर्डले देहायका क्रियाकलापहरुका लागि अधिकतम प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ।

| क्र.सं. | क्रियाकलापहरुको विवरण | प्रोत्साहन रकमको अधिकतम सीमा |
|---|---|---|
| १ | औजार, यन्त्र उपकरण र मेशिन खरिद | बढीमा ५० प्रतिशत |
| २ | भौतिक पूर्वाधार निर्माण/सुधार | बढीमा ८० प्रतिशत |
| ३ | अन्य सामग्री | बढीमा ५० प्रतिशत |

(३) कार्यक्रम बजेटको बढीमा २ (दुई) प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुट्याउन सकिनेछ र उक्त रकम सूचना प्रकाशन, इन्धन, स्टेशनरी, प्रस्तावहरुको स्थलगत निरीक्षण एवं प्रमाणीकरण, अनुगमन खर्च, बैठक भत्ता, अभिमुखीकरण आदिमा खर्च गर्न सकिनेछ।

(४) साझेदारले बिल, भरपाई, सम्बन्धित प्राविधिकले तयार गरेको कार्यसम्पन्न प्रतिवेदन तथा कार्यसम्पन्न खुल्ने फोटो सहित तोकिएको समयभित्रै बोर्डमा भुक्तानीका लागि निवेदन पेस गर्नुपर्नेछ।

(५) भुक्तानीको लागि निवेदन प्राप्त भएपछि बोर्डले सम्बन्धित विषय क्षेत्रका प्राविधिकबाट स्थलगत अनुगमन निरीक्षण गराउनेछ।

(६) उपदफा (४) बमोजिम साझेदारले निवेदनका साथ पेस गरेको कागजात र बोर्डले खटाएको प्राविधिकले स्थलगत निरीक्षण गरी तयार गरेको प्राविधिक अनुगमन प्रतिवेदनको आधारमा स्वीकृत प्राविधिक मापदण्ड पुरा गरी कार्यसम्पन्न भए नभएको र रीतपूर्वक सम्पूर्ण कागजात संलग्न भए नभएको यकिन गरी बोर्डले साझेदारको बैङ्क खातामार्फत भुक्तानी गर्नेछ।

(७) सम्झौता भएको मिति भन्दा पहिले नै सम्पन्न भएका कार्यका लागि प्रोत्साहन रकम उपलब्ध गराइने छैन।

## परिच्छेद -४

## प्रस्तावकको योग्यता तथा पूर्वशर्त

१२. **प्रस्तावकले पुरा गर्नु पर्ने पूर्वशर्तहरुः** प्रस्तावकले यस कार्यविधि अनुसार कार्यक्रममा सहभागी हुन देहायबमोजिमका पूर्वशर्तहरु पुरा गरेको हुनुपर्नेछः-

(क) प्रस्तावक लागत साझेदारीमा सामुदायिक साइलेज प्लान्ट स्थापना तथा सुदृढीकरण कार्यक्रम कार्यान्वयन गर्न प्रतिबद्ध हुनुपर्नेछ।

(ख) प्रस्तावकले प्लान्ट स्थापना गर्न आवश्यक पर्ने प्रचलित ऐन/नियम पालन गरेको हुनुपर्नेछ।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

(ग) सहकारीको विनियममा दुग्ध क्षेत्रमा काम गर्ने उद्देश्य उल्लेख भई कार्य गरिरहेको हुनुपर्नेछ।

(घ) आफ्नै स्वामित्वमा न्यूनतम १० कठ्ठा जग्गा भएका प्रस्तावकलाई प्राथमिकता दिइनेछ। सो नभए प्रस्तावकको सेयरधनीको स्वामित्वमा भएको जग्गा वा निजी जग्गा भए न्यूनतम १० वर्षको लागि लिजमा लिएको करारनामा पत्र पेस गर्नुपर्नेछ। स्थानीय तहको हकमा प्रचलित कानुनबमोजिम जग्गा लिजमा लिएको हुनुपर्नेछ। लिज अवधि प्रस्ताव पेस गर्ने अन्तिम मितिबाट १० वर्षको हुनुपर्नेछ।

(ङ) प्रस्तावकले अन्य ठाउँमा साइलेज प्लान्ट सञ्चालन गरेको भए सो उल्लेख गर्नुपर्नेछ।

(च) प्रस्तावकसँग आफ्नो कार्यक्षेत्रभित्र आबद्ध न्यूनतम १०० जना गाई/भैंसीपालक कृषक हुनुपर्नेछ।

(छ) आवश्यक कच्चा पदार्थ आपूर्ति सुनिश्चित गर्न मकै खेती गरिने न्यूनतम १० हेक्टर जग्गाको विवरण खुल्ने प्रमाणसहित कृषकहरुसँग भएको सम्झौतापत्र पेस गर्नुपर्नेछ।

(ज) छनोट भएको खण्डमा प्रस्तावकले साइलेज प्लान्ट स्थापनापश्चात १० वर्षसम्म निरन्तर सञ्चालनमा ल्याउने प्रतिबद्धतापत्र पेस गर्नुपर्नेछ।

## परिच्छेद -५
## विविध

१३. **प्रस्ताव छनोट सम्बन्धी अन्य शर्तः** (१) गत आर्थिक वर्षमा मन्त्रालय वा मातहतका कार्यालयमार्फत कृषि क्षेत्रको विकासका लागि अनुदान प्राप्त गरेका लाभग्राहीलाई चालु आर्थिक वर्षको अनुदान कार्यक्रममा सहभागी गराईने छैन। यस सम्बन्धमा चालु आर्थिक वर्षमा अनुदान प्रवाह गर्न बोर्डले दफा ५ बमोजिम प्रारम्भिक सूची तयार गर्ने क्रममा, गत आर्थिक वर्षमा सम्बन्धित प्रस्तावकले अनुदान प्राप्त गरेको वा नगरेको विवरण सम्बन्धित निर्देशनालय वा कार्यालयसँग पत्राचार गरी अनिवार्य रूपमा यकिन गर्नुपर्नेछ।

(२) प्रस्तावकले चालु आर्थिक वर्षमा मन्त्रालय तथा मातहतका निर्देशनालय/कार्यालय, स्थानीय तह वा संघीय सरकारबाट सञ्चालित परियोजनाबाट सोही कार्यक्रम/क्रियाकलापका लागि अनुदान प्राप्त नगरेको बेहोरा खुल्ने स्व-घोषणा पेस गर्नुपर्नेछ। अन्य निकायबाट दोहोरो अनुदान प्राप्त भएको पाइएमा सम्झौता रद्द गरी प्रचलित कानुनबमोजिम आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइनेछ।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव



मा. मधुसूदन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
भूमि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

(३) समूह सहकारीमा आबद्ध कृषकले विगत आर्थिक वर्षमा अनुदान सहयोग प्राप्त गरेका बाहेक सोही समूह सहकारीका अन्य कृषक चालु आर्थिक वर्षको अनुदान कार्यक्रममा सहभागी हुन सक्नेछन्।

(४) विपत्बाट क्षति बापतको राहत रकम, बर्ड फ्लु नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुको लागि उपलब्ध गराइएको क्षति रकम, साइलेज प्रोत्साहन, विद्युत महशुलमा छुट, ब्याज अनुदान, घाँसको बिउ/बेर्ना/बिरुवा र नक्ष्न/भुरा वितरण, क्षेत्रफल/उत्पादनमा आधारित घाँस/दुधमा प्रोत्साहन अनुदान तथा कार्यालयबाट सञ्चालित चिकित्सा सेवा, प्रयोगशाला सेवा, कृत्रिम गर्भाधान सेवा वा कार्यालयबाट उपलब्ध गराइने औषधी/खनिज/भिटामिन जस्ता सेवाटेवा कार्यक्रममार्फत अनुदान सहयोग प्राप्त गरेका कृषकले यस कार्यविधिबमोजिमका कार्यक्रम र अन्य अनुदान कार्यक्रममा समेत सहभागी हुन सक्नेछन्।

१४. <u>सार्वजनिक सुनुवाई:</u> स्वीकृत कार्यक्रम सम्पन्न भएपश्चात लाभग्राहीले सार्वजनिक सुनुवाई आयोजना गरी उक्त सुनुवाईको उपस्थितिको विवरण, निर्णय र फोटो भुक्तानी कागजातका साथ पेस गर्नुपर्नेछ।

१५. <u>सार्वजनिक सूचना पाटी सम्बन्धी व्यवस्था:</u> प्रोत्साहन रकम प्राप्त गर्ने लाभग्राहीले कार्यक्रम सम्पन्न भएको स्थलमा अनुसूची-११ बमोजिमको सार्वजनिक सूचना पाटी सबैले देख्ने गरी टाँस गर्नु पर्नेछ।

१६. <u>विवरण उपलब्ध गराउने:</u> स्वीकृत वार्षिक कार्यक्रम सम्पन्न भएपश्चात बोर्डले लाभग्राहीको विवरण नियमित अद्यावधिक गरी प्रकाशन एवं माथिल्लो निकायमा पठाउनु पर्नेछ।

१७. <u>अनुगमन तथा निरीक्षण:</u> मन्त्रालय तथा बोर्डले कार्यक्रम कार्यान्वयनको चरणमा वा कार्यसम्पन्न पश्चात आवश्यकता अनुसार छुट्टाछुट्टै वा संयुक्त अनुगमन निरीक्षण गर्न सक्नेछन्। यसरी भएको अनुगमनबाट दिइएको मौखिक वा लिखित पृष्ठपोषण पालन गर्नु साझेदारको कर्तव्य हुनेछ। साथै, मन्त्रालय तथा बोर्डले अनुगमन प्रतिवेदनको सुझाव र पृष्ठपोषणलाई आगामी दिनमा मागमा आधारित कार्यक्रम तर्जुमा गर्न र प्रभावकारी कार्यान्वयनका लागि आधारको रुपमा लिनेछन्।

१८. <u>कारबाही सम्बन्धी व्यवस्था:</u> साझेदारले लिएको प्रोत्साहन अनुदान रकम दुरुपयोग गरेको पाईएमा निजलाई नकारात्मक सूचीमा सूचीकृत गरी प्रचलित कानुनबमोजिम सरकारी बाँकी सरह असुल उपर गर्न प्रक्रिया अगाडि बढाइनेछ।

१९. <u>संशोधन:</u> यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ। आर्थिक दायित्वको विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमति लिई संशोधन गरिनेछ।

२०. <u>प्रचलित कानुनबमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएका सञ्चालन प्रकिया बाहेकका विषयहरु प्रचलित कानुनसँग बाझिएमा प्रचलित कानुनबमोजिम नै हुनेछ।



प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**प्रस्ताव आह्वानको ढाँचा**

प्रथम पटक प्रकाशित मितिः ………………

प्रदेश दुग्ध विकास बोर्ड, हेटौंडाद्वारा आ.व. … … … को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा सामुदायिक साइलेज प्लान्ट स्थापना तथा सुदृढीकरण कार्यक्रम रहेको हुँदा इच्छुक प्रस्तावकले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र कार्यालय समयमा आईपुग्ने गरी अनुसूची-२ बमोजिमको आवेदन-पत्र, अनुसूची-६ बमोजिमको सङ्क्षिप्त व्यावसायिक कार्ययोजना, अनुसूची-४ बमोजिमको स्वघोषणा-पत्र, अनुसूची-५ बमोजिमको कार्यक्रम सञ्चालन हुने स्थानको नक्सा, अनुसूची-३ बमोजिमको कागजातहरु र सूचनामा माग गरिएका कागजातहरु सिलबन्दी गरी बोर्डमा दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै, रीत नपुगेका प्रस्तावहरु छनोट प्रक्रियामा समावेश नहुने बेहोरा समेत जानकारी गराईन्छ।

नोटः सामुदायिक साइलेज प्लान्ट स्थापना तथा सुदृढीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ मन्त्रालय (molmac.bagamati.gov.np) वा बोर्ड (pddb.bagamati.gov.np) को वेबसाइटबाट डाउनलोड गरी हेर्न सकिनेछ।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-[illegible]

(दफा ४ सँग सम्बन्धित)

**<u>आवेदनपत्र</u>**

मितिः

श्रीमान् निर्देशक
प्रदेश दुग्ध विकास बोर्ड
हेटौंडा, मकवानपुर।

विषयः प्रस्ताव पेस गरिएको बारे।

महोदय,

तहाँ बोर्डबाट मिति ... ... ... ... गते ... ... ... राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित लागत साझेदारीमा सामुदायिक साइलेज प्लान्ट स्थापना तथा सुदृढीकरण कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वान भएको कार्यक्रममा साझेदारी गर्न इच्छुक भई अनुसूची-६ बमोजिमको सङ्क्षिप्त व्यावसायिक कार्ययोजना, अनुसूची-४ बमोजिमको प्रतिबद्धता-पत्र, अनुसूची-५ बमोजिमको कार्यक्रम सञ्चालन हुने स्थानको नक्सा र अनुसूची-३ बमोजिमको कागजातहरु सिलबन्दी गरी यसैसाथ संलग्न राखी आवेदन पेस गरिएको बेहोरा अनुरोध छ।

आवेदक

दस्तखतः

मितिः

नाम, थरः

पदः

संस्थाको छापः

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची -३

(दफा ४ सँग सम्बन्धित)

## सिलबन्दी आवेदन साथ संलग्न हुनुपर्ने कागजातहरु

(१) सहकारी संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(२) स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(३) आवेदनका साथ सहकारी संस्था/संघ/सरकारी निकायको सञ्चालक समिति/कार्यपालिका/व्यवस्थापन समितिको बैठकले साइलेज प्लान्ट स्थापना वा सुदृढीकरणका लागि माग गर्न गरेको निर्णयको प्रतिलिपि,

(४) कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रमाणित प्रतिलिपि,

(५) भाडा/लिजमा लिएको जग्गाको हकमा न्यूनतम १० वर्षको करारनामा पत्र,

(६) प्रस्तावित साइलेज प्लान्ट स्थापना/सुदृढीकरण र सञ्चालन गर्न अन्य निकायबाट अनुदान नलिएको स्व-घोषणा पत्र,

(७) साइलेज प्लान्टको सङ्क्षिप्त व्यावसायिक कार्ययोजना,

(८) प्रस्तावित प्रारम्भिक डिजाइन तथा लागत अनुमान,

(९) साइलेज प्लान्ट निर्माणपश्चात न्यूनतम १० वर्षसम्म निरन्तर सञ्चालन गर्ने प्रतिबद्धता पत्र,

(१०) प्रस्तावकको वित्तीय क्षमता प्रमाणित गर्ने कागजात (बैङ्क ग्यारेन्टी, टर्न ओभर, बैङ्क ब्यालेन्स) वा बैङ्कको लेटर अफ इन्टेन्ट र लेखा परीक्षण प्रतिवेदन,

(११) साइलेज प्लान्ट स्थापना वा सुदृढीकरण गर्ने प्रस्तावकसँग आबद्ध कम्तीमा १०० जना गाई/भैंसीपालक कृषकहरुको विवरण,

(१२) प्रस्तावकले साइलेज प्लान्ट सञ्चालनको लागि आवश्यक कच्चा पदार्थ आपूर्ति सुनिश्चित गर्न मकै खेती गरिने न्यूनतम १० हेक्टर जग्गाको विवरण खुल्ने प्रमाण सहित कृषकहरुसँग भएको सम्झौता पत्र,

(१३) प्राविधिक उपयुक्तता खुल्ने पशु सेवा कार्यालयको सिफारिस,

(१४) सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रको प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्य वा स्थानीय तहको सिफारिस,

(१५) बोर्डबाट माग भएका आवश्यक अन्य कागजात।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

## अनुसूची-४

(दफा ४ सँग सम्बन्धित)

## प्रतिबद्धता पत्र

श्रीमान् निर्देशक
प्रदेश दुग्ध विकास बोर्ड
हेटौंडा, बागमती प्रदेश।

प्रस्तुत विषयमा तहाँ बोर्डको मिति ... ... ... ... ... ..., का दिन ... ... ... ... पत्रिकामा प्रकाशित सूचना अनुसार ... ... (ठेगाना)... ... ... ... ... स्थित ... ... ... (कृषक/संस्थाको नाम)... ... ... ... ले ... ...(कार्यक्रमको नाम) ... ... ... ... मा प्रस्ताव पेस गरेको हुँदा तपसिलका बुँदाहरुमा प्रतिबद्धता व्यक्त गर्दछु/छौं। यदि यस प्रतिवद्धता पत्रमा केही झुठो ठहरिएमा प्रचलित कानुनबमोजिम सजायको भागेदार हुन मञ्जुर रहेको बेहोरा समेत अनुरोध गर्दछु/छौं।

तपसिलः

१. यस कार्यक्रममा छनोट भएको खण्डमा दोहोरो अनुदान सुविधा लिने छैन।
२. यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनै पनि प्रतिकुल असर गर्ने छैन ।
३. कुनै पनि वित्तीय संस्था/संघ वा सरकारी निकायको कालो सूचीमा परेको छैन।
४. छनोट भएको खण्डमा न्यूनतम १० वर्षसम्म साइलेज प्लान्ट निरन्तर सञ्चालन गर्नेछु/छौं।

**औंठा छाप**

| दायाँ | बायाँ |
|---|---|
| | |

**प्रस्तावकको**

नामः

पदः

ठेगानाः

संस्थाको छापः

सम्पर्क नं. :


बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

अनुसूची-७

(दफा ४ सँग सम्बन्धित)

<u>बोर्ड र सम्बन्धित जिल्ला पशु सेवा कार्यालयदेखि कार्यक्रम सञ्चालन गरिने स्थानसम्मको नक्सा:</u>




बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-[illegible]
(दफा ४ सँग सम्बन्धित)

## सङ्क्षिप्त व्यवसायिक योजना ढाँचा

१. **पृष्ठभूमि:** यसमा प्रष्टाउनु पर्ने बुँदाहरु तपसिल बमोजिम हुनेछ:-

(क) साइलेज प्लान्ट शुरु गर्नु पर्नाको कारण र समग्र स्थिति,

(ख) साइलेज प्लान्टको संक्षिप्त परिचय,

(ग) साइलेज प्लान्ट उद्योग के-कसरी स्थापना भएको वा सञ्चालन योजना,

(घ) विद्यमान पूर्वाधारहरुमा भौतिक, वित्तीय र प्राविधिक क्षमता बारे वर्णन गर्ने।

२. **दीर्घकालीन सोच, उद्देश्य र महत्व:** (१) प्रस्तावित साइलेज प्लान्टबाट हासिल गर्न खोजिएको दीर्घकालीन लक्ष्य उल्लेख गर्ने।

(२) प्रस्तावित साइलेज प्लान्टले हासिल गर्ने तत्कालीन उद्देश्यहरु उल्लेख गर्ने।

(३) साइलेज प्लान्ट सञ्चालनबाट स्थानीय एवं प्रदेशस्तरमा हासिल हुने प्रत्यक्ष/अप्रत्यक्ष लाभ उल्लेख गर्ने।

३. **सम्भाव्यता विश्लेषण** (१) व्यावसायिक योजना देहायबमोजिम गर्ने:-

(क) उत्पादन योजना (के, कति र कसरी उत्पादन गर्ने योजना छ उल्लेख गर्ने)।

(ख) कच्चा पदार्थको उपलब्धता (साइलेज प्लान्टको लागि के, कति कच्चा पदार्थको आवश्यकता पर्दछ उक्त कच्चा पदार्थ कहाँबाट र कसरी प्राप्त गरिन्छ उल्लेख गर्ने)।

(ग) उत्पादन हुने वस्तु र परिमाण (साइलेज प्लान्ट सञ्चालनमा आए पश्चात दैनिक रुपमा उत्पादनको परिमाण उल्लेख गर्ने)।

(घ) प्रविधि प्रयोगको सम्भाव्यता (साइलेज उत्पादनका लागि आवश्यक पर्ने प्रविधि, मेशिनरी, उपकरण, जनशक्ति र तिनको उपलब्धता कसरी सुनिश्चत गरिन्छ उल्लेख गर्ने)।

(२) बजारीकरण योजना (उत्पादित साइलेजको सम्भावित बजार, बिक्री योजना, गुणस्तर व्यवस्थापन र प्रतिस्पर्धामा कायम रहने योजना उल्लेख गर्ने)।

(३) परियोजनाको वित्तीय विश्लेषण (B/C Ratio, IRR, Payback Period) उल्लेख गर्ने।

४. **व्यवस्थापन योजना:** (१) व्यवस्थापनको उच्च तहमा रहने पदाधिकारीहरुको विवरण तपसिल अनुसार उल्लेख गर्ने:-

| क्र.सं. | पद | नाम, थर | शैक्षिक योगयता | तालिम/अनुभव | उद्योगमा निजको भूमिका |
|---|---|---|---|---|---|



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

५. <u>वातावरणीय प्रभाव/असरको विश्लेषण:</u>

(क) साइलेज प्लान्ट स्थापना र सञ्चालनले वातावरणमा पार्ने सकारात्मक प्रभावहरु उल्लेख गर्ने।

(ख) साइलेज प्लान्ट स्थापना र सञ्चालनले वातावरणमा पार्ने नकारात्मक असर न्यूनीकरणका लागि के-कस्ता उपायहरु अवलम्बन गरिनेछ उल्लेख गर्ने।

६. <u>लाभग्राही विश्लेषण:</u> लैङ्गिक र सामाजिक विश्लेषण तपसिल बमोजिम गर्ने:-

| लाभग्राही | लाभग्राही सङ्ख्या | लैङ्गिक विश्लेषण | | सामाजिक वर्गीकरण | | |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | दलित | जनजाती | अन्य |
| प्रत्यक्ष | | | | | | |
| अप्रत्यक्ष | | | | | | |
| जम्मा | | | | | | |

७. <u>आर्थिक प्रस्ताव:</u>

| क्र.सं. | क्रियाकलाप | एकाइ | परिमाण | प्रोत्साहन रकम रु. | स्वलगानी रु. | कुल लगानी रु. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

८. लागत लाभ विश्लेषणः तपसिल बमोजिमको स्रेस्ता पूर्वानुमानको आधारमा विश्लेषण गर्नेः-

| क्र. सं. | अनुमानित आम्दानी/खर्चको विवरण | प्रथम वर्ष | | | दोस्रो वर्ष | | | तेस्रो वर्ष | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | एकाइ | परिमाण | रकम रु. | एकाइ | परिमाण | रकम रु. | एकाइ | परिमाण | रकम रु. | एकाइ | परिमाण | रकम रु. |
| | पुँजीगत खर्च | | | | | | | | | | | | |
| १ | भौतिक निर्माण | | | | | | | | | | | | |
| २ | मेशिनरी/औजार/उपकरण खरिद | | | | | | | | | | | | |
| क) | कुल पुँजीगत खर्च | | | | | | | | | | | | |
| | चालु खर्च | | | | | | | | | | | | |
| १ | उत्पादन लागत | | | | | | | | | | | | |
| १.१ | कच्चा पदार्थ/सामग्री खरिद | | | | | | | | | | | | |
| १.२ | कच्चा पदार्थ भित्र्याउन ढुवानी खर्च | | | | | | | | | | | | |
| १.३ | श्रमिक/ज्यामी/ज्यालादारी ज्याला भुक्तानी | | | | | | | | | | | | |
| २ | उपभोग तथा प्रशासनिक खर्च | | | | | | | | | | | | |
| २.१ | तलब, भत्ता तथा अन्य सुविधा भुक्तानी | | | | | | | | | | | | |
| २.२ | घर/मेशिन/औजार/उपकरणको भाडा भुक्तानी | | | | | | | | | | | | |
| २.३ | पानी, बिजुली, टेलिफोनको महशुल भुक्तानी | | | | | | | | | | | | |
| २.४ | ममर्त सम्भार खर्च भुक्तानी | | | | | | | | | | | | |
| २.५ | बिक्री वितरण, विज्ञापन तथा प्रसार | | | | | | | | | | | | |



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | खर्च | | | | | | | | | | | | |
| ३ | ब्याज (Interest on Loan & Shared Capital) भुक्तानी (च ब्याज लाग्ने खर्चको ... प्रतिशत/वर्षका दरले) | | | | | | | | | | | | |
| ख) | कुल चालु खर्च | | | | | | | | | | | | |
| ग) | खुद खर्च (Net Expenditure) (क+ख) (ब्याज लाग्ने/नलाग्ने सबै खर्चको जम्मा) | | | | | | | | | | | | |
| घ) | कुल अनुदान रकमबाट गरिने खर्च रु. | | | | | | | | | | | | |
| ङ) | स्व-लगानी खर्च रु. | | | | | | | | | | | | |
| च) | ब्याज लाग्ने रकमबाट गरिएको खर्च (ग-ङ) रु. | | | | | | | | | | | | |
| | आम्दानी विवरणः | | | | | | | | | | | | |
| १ | उत्पादित साइलेज बिक्री | | | | | | | | | | | | |
| २ | घाँस बिक्री | | | | | | | | | | | | |
| छ) | कुल आम्दानी (Gross In come) | | | | | | | | | | | | |
| ज) | खुद मुनाफा (Net Profit) (छ-ग) | | | | | | | | | | | | |
| झ) | कुल मुनाफा (Gross Profit) (छ-ख) | | | | | | | | | | | | |
| ञ) | डिस्काउण्टेड आम्दानी [छ-(१+ब्याज%)×वर्ष] | | | | | | | | | | | | |
| ट) | डिस्काउण्टेड खर्च [ग-(१+ब्याज%)×वर्ष] | | | | | | | | | | | | |

प्रस्तावकको हस्ताक्षर र मितिः नाम, थरः पदः संस्थाको नाम र ठेगानाः संस्थाको छापः



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची -७

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

स्थलगत चेकलिस्ट

| विवरण | |
|---|---|
| जिल्ला | |
| प्रस्तावकको नाम | |
| कार्यक्रम सञ्चालन स्थलको ठेगाना | |
| प्रस्तावित कार्यक्रमको नाम | |
| अनुगमन मिति | |
| अनुगमन टोली सदस्यहरु | नाम/पदः |

१. कार्यक्रम कार्यान्वयन स्थलको पूर्वाधार मूल्याङ्कन

| क.सं. | मापदण्ड | विवरण | टिप्पणी/सुझाव |
|---|---|---|---|
| १.१ | सडक सुविधा | | |
| १.२ | बिजुली सुविधा | | |
| १.३ | पानीको सुविधा | | |
| १.४ | जग्गाको स्वामित्व | | |
| १.५ | भवन किसिम/सङ्ख्या | | |
| १.६ | मेशिन/उपकरण विवरण | | |
| १.७ | ढुवानी साधनको उपलब्धता | | |

२. प्रस्तावकको अवस्था मूल्याङ्कन

| क.सं. | मापदण्ड | विवरण | टिप्पणी/सुझाव |
|---|---|---|---|
| २.१ | संस्था दर्ता मिति | | |
| २.२ | सेयर सङ्ख्या | | |
| २.३ | दुग्ध सङ्कलन गर्ने कृषक सङ्ख्या | | |
| २.४ | दैनिक दुध सङ्कलन परिमाण (लिटर) | | |
| २.५ | वार्षिक दुध सङ्कलन परिमाण (लिटर) | | |
| २.६ | वार्षिक दुध बिक्री परिमाण (लिटर) | | |
| २.७ | रोजगारीको अवस्था | | |
| २.८ | दुग्ध विविधीकरण भए/नभएको विवरण | | |
| २.९ | सहकारीको नवीनतम कार्यहरु | | |



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

३. साइलेज प्लान्ट स्थापना/सुदृढीकरणको योजना मूल्याङ्कन

| क.सं. | मापदण्ड | अवस्था | टिप्पणी/सुझाव |
|---|---|---|---|
| ३.१ | लागत साझेदारीको स्रोत | | |
| ३.२ | दीर्घकालीन उद्देश्य/योजना | | |
| ३.३ | कच्चा पदार्थ उपलब्धताको अवस्था | | |
| ३.३ | बजारीकरण योजना | | |

४. प्लान्ट सञ्चालनमा रहेको हकमा क्षमता मूल्याङ्कन

| क.सं. | मापदण्ड | अवस्था | टिप्पणी/सुझाव |
|---|---|---|---|
| ४.१ | उत्पादन (वार्षिक मे.टन) | | |
| ४.२ | बिक्री (वार्षिक मे.टन) | | |
| ४.३ | माग (वार्षिक मे.टन) | | |
| ४.४ | बजार | | |
| ४.५ | कच्चा पदार्थ स्रोत | | |
| ४.६ | सञ्चालन अवधि | | |
| ४.७ | नियमित प्रयोगशाला परीक्षण | | |

५. स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरणहरु:

क)

ख)

६. स्थलगत अनुगमन टोलीको विवरण र राय:

.................................................................................................

.................................................................................................

| क.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

वैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
भूमि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची -८

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

**मूल्याङ्कन मापदण्ड**

१. जिल्लाः

२. प्रस्तावकको नामः

३. कार्यक्रम सञ्चालन स्थलको ठेगानाः

४. प्रस्तावित कार्यक्रमको नामः

५. मूल्याङ्कनका आधारहरुः

| क्र.सं. | सूचक | पूर्णाङ्क | प्रसाङ्क |
|---|---|---|---|
| १ | जग्गाको उपलब्धता र स्वामित्व | १५ | |
| | • आफ्नै नाममा जग्गाः १५ अङ्क | | |
| | • ११-२० वर्षको भाडा/करारपत्रः १२ अङ्क | | |
| | • १० वर्षको भाडा/करारपत्रः १० अङ्क | | |
| २ | पूर्वाधारको पहुँच (बाटो, पानी, बिजुली आदि) | १० | |
| | • सबै पूर्वाधार उपलब्धः १० अङ्क | | |
| | • आंशिक उपलब्धताः ५ अङ्क | | |
| ३ | कच्चा पदार्थ आपूर्ति सम्भाव्यता | १५ | |
| | • १० हेक्टर भन्दा बढीको कच्चा पदार्थ खरिद सम्झौताः१५ अङ्क | | |
| | • आपूर्ति प्रतिबद्धता सम्झौता १० हेक्टर सम्मः १० अङ्क | | |
| ४ | संस्थागत क्षमता | १० | |
| | • प्राविधिक विज्ञः ५ अङ्क | | |
| | • रोजगारी अवस्था/प्रक्षेपणः ५ अङ्क | | |
| ५ | व्यावसायिक कार्ययोजना र लाभ-लागत विश्लेषण | २० | |
| | • उत्पादन क्षमता वार्षिक कम्तीमा १०० टन -५ अङ्क | | |
| | • लाभग्राही न्यूनतम १०० जना-५ अङ्क | | |
| | • लाभ-लागत विश्लेषण-१० अङ्क | | |
| ६ | दीर्घकालीन उद्देश्य र योजना स्पष्टता | ५ | |
| | • स्पष्ट र यथार्थपरक उद्देश्यः ५ अङ्क | | |
| ७ | कार्यालय र स्थानीय तह सिफारिस | ५ | |
| ८ | वित्तीय सक्षमता (बैंक ग्यारेन्टी/ Bank Statement/ सरकारी निकायको हकमा लागत साझेदारी गर्ने कार्यपालिकाको निर्णय) | १० | |
| ९ | प्रस्तावको समग्र प्रस्तुति र स्पष्टता | १० | |



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

| | | | |
|---|---|---|---|
| | • सम्पूर्ण कागजात र प्रस्तुति व्यवस्थितः ५ अङ्क | | |
| | • प्राविधिक उपयुक्तता-५ अङ्क | | |
| | जम्मा | १०० | |

**नोटः** मूल्याङ्कन समितिले सूचना प्रकाशन अगावै मूल्याङ्कनको मापदण्ड आवश्यकता अनुसार परिमार्जन र विस्तृतीकरण एवं सहायक मापदण्ड बनाई सोही अनुसार मूल्याङ्कन गर्न सक्नेछ।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची -१

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

**सम्झौता पत्र**

प्रदेश दुग्ध विकास बोर्ड, हेटौंडाको आ.व. ... ... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत लागत साझेदारीमा सामुदायिक साइलेज प्लान्ट स्थापना तथा सुदृढीकरण कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी मिति ... ... ... गतेको ... ... ... राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पेस हुन आएका प्रस्तावहरुमध्ये श्री ... ... ... ... को प्रस्ताव छनोट भएको हुँदा प्रदेश दुग्ध विकास बोर्ड (यसपछि प्रथम पक्ष भनिने) र श्री ... ... ... ... ... ... ... ... ... (यसपछि दोस्रो पक्ष भनिने) बिच तपसिल अनुसारका शर्तहरु पालना गर्ने गरी साइलेज प्लान्ट स्थापना/सुदृढीकरणका लागि द्विपक्षीय सम्झौता गरी बुझिलियौं/दियौं।

तपसिलः

१. प्रथम पक्षले लागत साझेदारीमा आधारित साइलेज प्लान्ट स्थापना/सुदृढीकरण सम्बन्धी कार्यक्रमको लागि कुल लागत अनुदान बापत रु. ... ... ... ... ... मध्येको २.० प्रतिशत कन्टिन्जेन्सी कट्टा गरी दोस्रो पक्षलाई रु. ... ... ... ... ... (अक्षरेपी रुपैंयाँ ... ... ... ... ... ... ... .. ...) अनुदान सहयोग प्रदान गर्नेछ।

२. कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, ईष्टिमेट, सुपरभिजन, रनिङ्ग बिल, अन्तिम बिल र कार्यसम्पन्न प्रतिवेदन लगायतका सबै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि दोस्रो पक्षले गर्नेछ।

३. दोस्रो पक्षले बिल, भरपाई, सम्बन्धित प्राविधिकले तयार गरेको कार्यसम्पन्न प्रतिवेदन तथा कार्यसम्पन्न खुल्ने फोटो सहित तोकिएको समयभित्रै भुक्तानीका लागि निवेदन पेस गर्नुपर्नेछ।

४. प्रथम पक्षले प्राविधिक अनुगमन प्रतिवेदनको आधारमा स्वीकृत प्राविधिक मापदण्ड पुरा गरी कार्यसम्पन्न भए नभएको र रीतपूर्वक सम्पूर्ण कागजात संलग्न भए नभएको यकिन गरी दोस्रो पक्षको बैङ्क खातामार्फत भुक्तानी गर्नेछ।

५. सम्झौता भएको मिति भन्दा पहिले नै सम्पन्न भएका कार्यका लागि प्रोत्साहन रकम उपलब्ध गराइने छैन।

६. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेस गरेको स्वीकृत प्रस्ताव-पत्र अनुसारको डिजाईन र सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समयभित्र सम्पन्न गर्नेछ।

७. प्रथम पक्षले कुनै पनि बखत सञ्चालित कार्यको अनुगमन/निरीक्षण गरी सम्झौता बमोजिम कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह/सुझाव दिन सक्नेछ।

८. दोस्रो पक्षले आयोजना सम्पन्नपश्चात निर्माण स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लिखित मेटालिक २ फिट*३ फिट आकारको सूचना पाटी सबैले देख्ने गरी राख्नु पर्नेछ।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
भूमि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, मकवानपुर

९. यस कार्यक्रम अन्तर्गत उपलब्ध गराईने संरचनाको लागि प्रचलित नियम कानून, सडक मापदण्ड, जग्गा सम्याउने, थ्रि फेज बिजुली लगायतका कार्य तथा अन्य मापदण्ड पुरा गर्ने पूर्ण जिम्मेवारी दोस्रो पक्षको रहनेछ। प्रथम पक्षले उक्त कार्यको अनुगमन गर्ने र मापदण्ड विपरित वा नियम विपरित भएको पाएमा सो कार्यका लागि कार्यक्रम सञ्चालन अनुदान रकम भुक्तानी रोक्का गर्ने वा असुल गर्ने अधिकार रहनेछ।

१०. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्नपश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा सृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

११. दोस्रो पक्षले नियमित रुपमा कार्यक्रमको वार्षिक प्रगति, उपलब्धि एवं कारोबार सम्बन्धी विवरणहरु सम्बन्धित पशु सेवा कार्यालयमार्फत प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

१२. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेस गरेको स्वीकृत प्रस्ताव-पत्र अनुसारको डिजाइन, ईष्टिमेट र दरभाउ मेसिनरी उपकरण र अन्य सामानहरु खरिद गर्नु पूर्व प्रथम पक्षसँग स्वीकृत गराई सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समयभित्र सम्पन्न गर्नु पर्नेछ। यसो नगरेको खण्डमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन।

१३. दोस्रो पक्षले सम्झौता अनुरुप प्लान्ट स्थापना/सुदृढीकरण नगरेमा प्रथम पक्षले अनुदान रोक्का गर्न सक्नेछ।

१४. दोस्रो पक्षले साइलेज प्लान्ट स्थापना/सुदृढीकरण कार्य अधुरो छाडी अन्यत्रै विक्री गरी दुरुपयोग गरेको पाइएमा प्रथम पक्षले अनुदान रकम प्रचलित ऐन/नियम बमोजिम सरकारी बाँकी/बक्यौता सरह असुल उपरको प्रक्रिया अगाडि बढाईनेछ।

१५. कार्यक्रम सञ्चालनका दौरानमा कुनै विषय हेरफेर वा परिमार्जन गर्नु परेमा दुबै पक्षको आपसी सहमति अनुसार हुनेछ।

१६. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानुन अनुसार हुनेछ।

| **दोस्रो पक्षको तर्फबाटः** | **प्रथम पक्षको तर्फबाटः** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाः | बोर्डः |
| संस्थाको छापः | बोर्डको छापः |

**रोहवर**

| | |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

संस्थाः बोर्डः

संस्थाको छापः बोर्डको छापः

**इति संवत् ............... साल ................ महिना ......... गते रोज ........ शुभम्।**

<u>नोट</u>ः बोर्डले स्वीकृत कार्यक्रमको आवश्यकता अनुसार आवश्यक परिमार्जन गरी सम्झौताको ढाँचा प्रयोग गर्न सक्नेछ।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची- १८

(दफा १० को उपदफा (३) सँग सम्बन्धित)

**स्व-घोषणा**

श्रीमान् निर्देशक

... ... ... (कार्यालयको नाम) ... ... ...

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ... ... ... का दिन ... ... .., कार्यक्रमका लागि प्रकाशित सूचना अनुसार ... ... ... जिल्ला ... ... ... पालिका स्थित ... ... ... ... कृषक/समूह/सहकारी/फर्म/कम्पनीले गत आर्थिक वर्ष ... ... मा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र मातहतका निर्देशनालय/कार्यालय, स्थानीय तह, सङ्घीय सरकारबाट सञ्चालित परियोजनाबाट कृषि क्षेत्रको विकाससँग सम्बन्धित कार्यक्रम/क्रियाकलापको लागि अनुदान प्राप्त नगरेको बेहोरा स्व-घोषणा गर्दछु/छौं। चालु आर्थिक वर्ष ... ... मा सम्झौता अघि वा सम्झौता पश्चात अन्य निकायबाट सो कार्यक्रम/क्रियाकलापको लागि दोहोरो अनुदान लिएको पाइएमा सम्झौता रद्द गरी प्रचलित कानुन बमोजिम कारबाही/सजायको भागेदार हुन मञ्जुर रहेको बेहोरा समेत अनुरोध गर्दछु/छौं।

औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

**आवेदकको**

नामः

पदः

ठेगानाः

संस्थाको छापः

सम्पर्क नं. :

वैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

अनुसूची-११

(दफा १५ सँग सम्बन्धित)

**<u>सार्वजनिक सूचना पाटीको ढाँचा</u>**

(साइजः ३ फिट × २ फिटको मेटालिक प्लेट)

बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

... ... ... .. ... .. .. .. ..

... ... ... ... ... ... ...

कार्यक्रमको नामः ... ... ... ... ... ... ...

साझेदारको नामः ... ... ... ... ... ... ...

ठेगानाः ... ... ... ... ... ... ...

कुल लागतः रु. ... ... ... ... ... ...

प्रोत्साहन रकमः रु. ... ... ... ... ... ...

साझेदारको सहभागिताः रु. ... ... ... ... ... ...

कार्यक्रम कार्यान्वयन अवधिः ... ... ... ... ... ... देखि ... ... ... ... ... ... सम्म

लाभग्राही सङ्ख्याः महिला ... ... ... ... पुरुष ... ... ... ... ... कुल ... ... ... ... ...

दलित ... ... ... ... जनजाति ... ... ... ... अन्य जाति ... ... ... ... ...

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री